# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.स. २०८०/२०८१

V9F8+RM

## कवाड संकलन सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/२९**

यस रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न प्रकृतिका कवाडीजन्य पदार्थ जस्तै: खाली सिसा, फलाम, खाली बोरा, खाली पेक, गत्ता, कागज, प्लाष्टिक आदि सङ्कलन तथा निकासी बन्दोबस्त गर्ने प्रयोजनका लागि तपसिलको शर्तबमोजिम ईच्छुक व्यवसायी, फर्म वा व्यक्तिहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१. ईच्छुक व्यवसायीले यो सूचना प्रकाशन गरिएको मितिले १५ औं दिनको कार्यलय समयभित्र तोकिएको राजस्व तिरी दरभाउपत्र फाराम लिन सकिनेछ।

२. दरभाउपत्र फाराम खरिद गर्दा फर्म वा कम्पनीको हकमा इजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर/भ्याट, करचुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि आवश्यक पर्नेछ।

३. खरिद गरिएको दरभाउपत्र फाराममा कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधि मार्फत १६ औं दिनको १२:०० बजेसम्म सिलबन्दी गरी यस कार्यालयमा दर्ता गर्नुपर्ने छ। म्याद नाघेको वा रीत नपुगि पेश हुन आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोहि दिनको भोलिपल्ट दिउसो १२:०० बजेसम्म पेश गर्नुपर्नेछ। यसरी दर्ता भएका सिलबन्दी भरभाउपत्रहरु सोहि दिनको दिउसो १:०० बजे खोलिनेछ।

४. सबैभन्दा उच्च कबोल गरिएको सिलबन्दी दरभाउपत्र स्वीकृत हुनेछ र सम्बन्धित व्यक्ति वा फर्मले स्वीकृत कवोल अंकको ५०% रकम सम्झौता गर्दाको बखत र बाकी ५०% रकम पौष मसान्तभित्र भुक्तानी गरिसक्नुपर्नेछ।

५. शिलबन्दी दरभाउपत्रसाथ कबोल रकमको ५% ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको सिटिजन्स बैङ्क ईन्टरनेसनल लि. छहरा शाखामा रहेको ग३ स्थानीय तह धरौति खाता नं.०६००१००००००५१२०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

६. सिलबन्दी दरभाउपत्र उपर कुनै दुविधा उत्पन्न भएमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकासँग रहने छ।

७. कवाडी उठाउने क्षेत्र एवम् न्यूनतम रकम देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कवाडी उठाउन पाउने क्षेत्र | न्युनतम रकम रु. (भ्याट बाहेक) | राजस्व रकम रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | सि.जी. सिमेन्ट प्रा.ली. बाहेक गाउँपालिका क्षेत्रभर | २५०००० | १००० | कबोल अंकको ५% |

080/04/29

दिनेश सारु

प्रमुख प्रशासकीय अधिकृत